कार्यसूची:

१. हालसम्मको अवस्था समीक्षा सम्वन्धमा ।

२. नेपाल सरकारको निर्णय कार्यान्वयन सम्वन्धमा।

३. विद्यालय सञ्चालन सम्वन्धमा ।

४. Isolation Center सम्वन्धमा ।

५. Quarantine सम्वन्धमा ।

६. कोभिड-१९ को दोस्रो खोप सम्वन्धमा ।

७. उपचार खर्च सम्वन्धमा ।

८. सचेतनामूलक सूचना जारी गर्ने सम्वन्धमा ।

निर्णयहरु:

१. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरको संक्रमणको दर हालैका दिनहरुमा झन तिव्र वनेको विदितै छ । यस सन्दर्भमा पश्चिममा लुम्विनी प्रदेश र पूर्वमा पोखरा, कास्की जिल्लासँग सीमाना रहेको स्याङ्जा जिल्लामा पनि संक्रमणको जोखिम उच्च रहन सक्ने अवस्था आंकलन गरिएको छ । कोभिड-१९ को सम्वन्धमा जिल्लाको वस्तुगत अवस्थालाई तथ्याङ्कीय रुपमा तपसिल बमोजिम देखाइएको छ ।

तपसिल:

| | |
|---|---|
| सक्रिय संक्रमितको संख्या | ११ |
| कोभिड-१९ का कारण मृत्युवरण गरेका संख्या | २० |
| कोभिड-१९ विरुद्ध पहिलो चरणको खोप लगाएका व्यक्तिको संख्या | १८,१५० |

२. कोभिड-१९ सम्वन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को म.प.बै.स. १/०७८, मिति २०७८/०१/०६ को बैठकको निर्णय जानकारी भई सो निर्णय अनुसार यस जिल्लासँग सम्बन्धित देहाय बमोजिमका क्रियाकलापहरु आवश्यक कार्यान्वयन गर्ने निर्णय गरियो ।

➢ विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा सबै किसिमका प्रयोगात्मक कक्षाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्तसम्म बन्द गर्ने।
- मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।
- एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा / भेला हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने। जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी जम्मा / भेला नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने। विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई २५ जनामा नबढ्ने गरी गर्ने।
- सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रूपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने। तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने।
- सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने:
  - सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
  - सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
  - सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
  - चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,
  - सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,
  - सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,
  - मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
  - लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरूको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने।

नेपाल
गृह
जिल्ला प्र

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।
- होटेल तथा रेष्टुरेण्टले बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने:
  - होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,
  - होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,
  - कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,
  - सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
  - होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निःसङ्क्रमित गर्नु पर्ने,
  - होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने।
- राष्ट्रिय राजमार्गहरूमा सञ्चालित होटेल तथा रेष्टुरेन्टहरूले पनि माथि उल्लेखित जनस्वास्थ्यका मापदण्डहरू पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने।
- सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।
- नेपाल राष्ट्र बैङ्कले सबै बैङ्क तथा वित्तीय संस्थामा सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागू गर्न सहजीकरण गर्ने। सेवा शुल्क र महसुल अग्रीम वा एकमुष्ट रुपमा बुझाउन चाहनेलाई सो बमोजिम गर्न सक्ने गरी व्यवस्था मिलाउने।
- नियमित रूपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरू जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने
- कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहाय बमोजिम गर्ने:
  - १५ बेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग सङ्क्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिस गरी पठाउने।
  - होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुयाउने काममा सहजीकरण गर्ने ।

दिर्पकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पी.सी.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने। नतिजा पोजेटिभआएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टीजेन परीक्षण गर्ने ।
- आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाब सङ्कलन गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यकजनशक्ति तथा आवश्यकता अनुसार स्वयं सेवक परिचालन गर्ने गराउने।
- स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने।
- कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दाआफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले पच्चीस जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने। तर सो बमोजिम गर्न सम्भव नभएमा "कोभिड-१९ का कारण मृत्यु भएकाव्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६" अनुसार नेपाली सेनाले गर्ने।
- क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्थामिलाउने।
- सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने।
- उपर्युक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्यकता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने।

➢ कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्ने:

- कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरू पालना गर्न प्रोत्साहन गर्ने।
- परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोगगर्ने,
- क्वारेन्टिन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने।
- घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने ।

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरू पालना भए नभएको सूचना स्थानीय तहलाई दिने।
- साठी वर्ष माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने।
- कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय सङ्घ संस्था, क्लब, शिक्षक तथा स्वयंसेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने।

➢ कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने:

- जनस्वास्थ्यका मापदण्डको पूर्ण रूपमा पालना गर्ने।
- घर बाहिर निस्कँदा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिनपछि मात्र विसर्जन गर्ने।
- घर तथा सार्वजनिक स्थानमा जथाभाबी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने।
- विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा दश दिन होम क्वारेन्टिनमा अनिवार्यरुपमा बस्ने।
- पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने।
- स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।
- अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन,स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने।
- होम आइसोलेसनमा बसेको व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

➢ नगरपालिका वा गाउँपालिकामा २०० भन्दा बढी सक्रिय सङ्क्रमित देखिएमा त्यस्तो नगरपालिका वा गाउँपालिका क्षेत्रलाई उच्च जोखिम भएको क्षेत्र मानिने र सो क्षेत्रमा स्थानीय प्रशासनले यस आदेशमा उल्लिखित विषयका अतिरिक्त अन्य नियन्त्रणका व्यवस्था लागू गर्न सक्ने।

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

३. विद्यालय सञ्चालनका सम्वन्धमा नेपाल सरकारबाट अर्को निर्णय भएदेखि बाहेक अन्य अवस्थामा सम्वन्धित स्थानीय तहले स्थानीय समुदायमा संक्रमणको अवस्था हेरी आवश्यक निर्णय लिई सो को जानकारी DCCMC लाई दिने ।

४. कोभिड-१९ को पहिलो लहरको समयमा स्थापना भएका Isolation Center हरुलाई पुनः तयारी अवस्थामा राख्ने र कोभिड प्रयोजनको लागि प्रत्येक स्थानीय तहमा कम्तिमा १ ओटा एम्वुलेन्स तयारी हालतमा राख्ने व्यवस्था सम्वन्धित स्थानीय तहले मिलाउने ।साथै विगतमा पनि Isolation Center को रुपमा रही कोभिड संक्रमित विरामीहरुलाई उपचार गराईएका गल्याङ सामुदायिक अस्पताल गल्याङ, कालिका सामुदायिक अस्पताल हेलु र आँधीखोला सामुदायिक अस्पताललाई जिल्ला अस्पताल अन्तर्गत रहने गरी जिल्लाकै Isolation Ward को रुपमा व्यवस्थापन गर्न जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा आवश्यक प्रक्रिया अघि बढाउने ।

५. भारत लगायत तेस्रो मुलुक र काठमाडौं/पोखरा लगायतका शहरी क्षेत्रबाट आएका व्यक्तिहरुको वडा/टोल विकास संस्था परिचालन मार्फत रेकर्ड राखी Quarantine ( संस्थागत/Home) मा राख्ने व्यवस्था सम्वन्धित स्थानीय तहले मिलाउने ।

६. मिति २०७७ माघ १४ देखि फाल्गुण १० गते सम्म कोभिड-१९ को पहिलो खोप अभियानमा सहभागि भएका स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवक, एम्वुलेन्स तथा शववाहन चालक, शव व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी, सवै सरकारी कार्यालय, सार्वजनिक संस्थान तथा बैंकका कर्मचारीहरु, पत्रकार, स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु, सुरक्षाकर्मीहरु सवैले यही मिति २०७८ वैशाख ७ गतेदेखि वैशाख ११ गतेसम्म तोकिएको स्वास्थ्य संस्था वा खोप केन्द्रमा सञ्चालन हुने कोभिड-१९ विरुद्धको दोस्रो खोप अभियानमा सहभागी हुने ।

७. विगतमा Isolation ward को रुपमा सञ्चालित भिरकोट नगरपालिकाको सामुदायिक अस्पताल हेलुमा कोभिड-१९ का संक्रमितहरुलाई उपचार गराउँदा नियमानुसार लागेको खर्च निकासाको लागि जिल्ला जनस्वास्थ्य कार्यालयले सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशसँग समन्वय गर्ने ।

८. कोभिड-१९ को संक्रमणको रोकथाम र नियन्त्रणका सम्वन्धमा हरेक पालिकाहरुबाट स्थानीय बासिन्दा हरुलाई आवश्यक सतर्कता अपनाउनको लागि सचेतनामूलक सूचना जारी गर्ने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी